## प्रेस विज्ञप्ति

### माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री गणेशसिंह ठगुन्ना र नेपालका लागि युरोपियन युनियनका महामहिम राजदूत नोना डेप्रेजबीच शिष्टाचार भेटघाट

माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री गणेशसिंह ठगुन्ना र नेपालका लागि युरोपियन युनियनका महामहिम राजदूत नोना डेप्रेजबीच आज सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा भेटघाट भयो ।

उक्त भेटमा माननीय मन्त्रीज्यूले नेपाल र युरोपियन युनियनबीच सदैव सुखद र असल सम्बन्ध रहेको कुरा स्मरण गर्दै युरोपियन युनियनले महत्वपूर्ण विकास साझेदारको रुपमा नेपालको सङ्घीयता कार्यान्वयन, आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमा गर्दै आएको सहयोगको लागि धन्यवाद दिदै यस प्रकारका सहयोग भविष्यमा समेत निरन्तर रहने अपेक्षा गर्नुभयो ।

माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री र महामहिम राजदूतबीच नेपालमा हुने पूर्वाधार विकासका कार्यक्रम, सङ्घीयता कार्यान्वयनको लागि प्रदेश तथा स्थानीय तहहरुको क्षमता अभिवृद्धि तथा कोभिड-१९ महामारीको नियन्त्रण लगायतका बिषयमा छलफल भयो ।

महामहिम राजदूतले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा स्थानीय तहमा हुने विकास निर्माणका कार्यहरुमा र sartorial क्षेत्रहरु जस्तै शिक्षा, पोषण, स्वास्थ्य लगायतका क्षेत्रहरुमा सहयोग गर्न इच्छुक रहेको र भविष्यमा हुने परियोजनाहरुलाई दिगो रुपमा अगाडि बढाउन नेपाल र युरोपियन युनियनले संयुक्त प्रयास गर्ने समेत बताउनुभयो ।

२०७८।०१।०७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

बसन्त अधिकारी
सह-सचिव